# महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय
स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको आंशिक आवश्यकता
पूरा गर्नको लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ताः
टंक बहादुर दनुवार
परिक्षा रोल नम्बर १३०१५१/२०६६
त्रि.वि. दर्ता नं. ६-१-१३-३१७-९७
श्री सूर्य नारायण सत्यनारायण मोरबैता यादब बहुमुखी क्याम्पस सिरहा
पाठ्यक्रम तथा मूल्यांकन समुह

२०७२

# सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री सूर्य नारायण सत्यनारायण मोरबैता यादब बहुमुखि क्याम्पस सिरहा स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यक्रमतथा मूल्याङ्कन विषयका छात्र टंक बहादुर दनुवार ले **“महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको प्रभाव”**शीर्षकमा प्रस्तुत यो सोधपत्र मेरो प्रत्यक्ष निदेशणमा रहि तयार गर्नुभएको हो । यस शोधकार्यबाट म संतुस्ट छु यसको अन्तिम मूल्याङ्कनको लागी सिफारीस गर्दछु ।

मिति १ /०४/२०१५

....................................

**जीतेन्द्र कुमार यादब**

शोध निर्देशक

# स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री सूर्य नारायण सत्यनारायण मोरबैता यादब बहुमुखि क्याम्पस सिरहा स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यक्रमतथा मूल्याङ्कन विषयका टंक बहादुर दनुवार ले **"महिला साक्षरता कार्यकमले दनुवार महिलाहरुमा पारेको प्रभाव"**शीर्षकमा तयार पार्नु भएको शोधपत्रलाई मूल्याङ्कन गरी यस समितिबाट स्वीकृत गरिएको छ।

## मूल्याङ्कन समिति

१ **श्री रामहित यादब** ..................................

( क्याम्पस प्रमूख/कार्यक्रम संयोजक)

२. **श्री जितेन्द्र कुमार यादब** ...................................

(शोध निर्देशक)

३. **प्रा.स्वयं प्रकाश ज.ब.रा** ............................

(बाह्य परीक्षक)

मिति :

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत पाठयक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको अनिवार्य विषयको परिपूर्तिका लागि तयार पारिएको शोधपत्र शीर्षक **"महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको प्रभाव"** रहेको छ । प्रस्तुत शोधपत्र शोध निर्देशक जीतेन्द्र कुमार यादबको कूशल निर्देशनमा तयार पारिएको छ । उहाँले दिनु भएको मार्ग निर्देशनप्रति कृतज्ञताज्ञापन गर्दछु । शोधप्रस्ताव तयार गर्ने क्रममा आवश्यक निर्देशन दिई शोधप्रस्तावलाई स्वीकृत गरी प्रस्तुत शोध लेखनको अवसर प्रदान गर्नु हुने सहयोग गर्नु हुने किशोर साह  र एम एड का संयोजक प्रो. चन्देश्वर गोइत प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

तथ्याङ्क संकलन गर्ने क्रममा आवश्यक पर्ने विविध किसिमका सूचना, जानकारी एवं तथ्याङ्कहरु उपलब्ध गराई सहयोग गर्नु हुने विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्रलाई कम्प्यूटर सेटिङ्ग गर्न सहयोग गर्नु हुने ऋषि कम्प्युटर सेन्टर सिरहा प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

सम्पूर्ण आफन्तजनहरु, मित्रजनहरु, सहपाठी साथीहरु र शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिँदै आफ्नो अटुट परिश्रमबाट तयार भएको यो शोधपत्र उपयोगी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

**टंक बहादुर दनुवार**

# शोधसार


यो अध्ययन ***महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको प्रभाव*** शिर्षक राखि तयार गरिएको छ । दनुवार जातीको महिला साक्षरता कार्यक्रमले पारेको प्रभावको विष्लेषण गर्नु मुख्य उद्देश्य राखी तयार गरिएको हो ।

यस शोधपत्रका लागि वर्णानात्मक अन्तर्गत दनुवार  जातीको साक्षरता अभियानमा सहभागिता, उनीहरुलाई प्रभाव पार्ने तत्वहरु तथा उत्प्रेरक तत्वहरुको वर्णन गरिएको छ र अन्वेषणात्मक विधिअन्तर्गत अवलोकन, प्रश्नावाली, अन्तर्वार्ता आदिको प्रयोग गरी आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ ।

यस शोत्रकार्यबाट वास्तवमा पहिलेका तुलनामा दनुवार महिलाहरु अहिले विद्यालय शिक्षा लिन थालेको र गाउँघरमा स्वावलम्वी हुनुको साथै सरकारी संस्थाहरुमा कामकाज गर्न थालेको पाइनुका साथै उच्च शिक्षाको लागि घरदेखि वाहिर शहरमा समेत वस्न थालेको पाइयो । परापूर्वकाल देखि तराइ र भित्री मधेशको क्षेत्रमा बसोवास गर्ने दनुवार  जातीहरु शैक्षिक चेतनाको कारणले आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेको तथा उनीहरुको परम्परागत खानपिनमा समेत परिवर्तन आई रोजगारतिर उन्मुख देखिन्छ ।

यसका साथै रिस्कु गा.वि.सको वडा नं. १ र ३ मा संचालित साक्षरता कार्यक्रममा सहभागी ४६ जना महिलाहरुमाथि अध्ययन गरिएको थियो । जसमध्ये ४२ जनाले सार्वजनिक सेवा सुबिधाका साधनहरु सदुपयोग गरेको र १२ जना समाजमा प्रतिष्ठित सदस्य भएको पाइनुका साथै ४२ जना दनुवार महिलाहरु आफ्नो आर्थिक उन्नति गर्नको लागि मौसमी तथा वेमौसमी खेती गरेको र १७ जनाले बैज्ञानिक कृषि पेशा अपनाई आर्थिक उन्नति गरेको पाइयो ।

यसैगरी साक्षरता अभियानको सकारात्मक प्रभावको कारणले ४६ जना मध्ये ४२ जनाले आफ्नो व्यवहारमा परिवर्तन ल्याई मानमर्यादाका कुराभित्र रही जीवनयापन गरी आफ्ना वालवच्चालाई उचित शिक्षा दिन तिर अग्रसर देखिएको तथा २२ जना महिलाहरु आफ्नो अधिकारप्रति सचेत भएको पाइयो । वास्तवमा साक्षरता कार्यक्रमले सकारात्मक प्रभाव पारेको हुनाले वातावरण बीच सरसफाइ प्रति लगभग २८ घरपरिवारले ध्यान दिएको र बाँकी अन्यमा विस्तारै चेतना आइरहेको पाइनुको साथै परम्परागत रोजगारमा मात्र सिमित नरही आधुनिक रोजगारतिर बढेको पाइयो ।

प्रौढ महिला सहभागीहरुलाई सुरक्षित र व्यवस्थित ढंगले कक्षामा राखिनु पर्दछ । महिलाका आफ्नै किसिमका समस्याहरु भेटिए । ती कुराहरुलाई ख्याल राखी बस्ने कुर्सी, डेस्क, बेञ्च, सुकुल, गुन्द्री, चकटी आदिमा आ-आफ्नो समूहमा राख्न सके कक्षामा नियमित आउने हुन्छन् । कक्षाकोठामा स्वच्छ हावा, प्रकाश, उपयुक्त तापक्रम भयो भने उनीहरुलाई नियमित कक्षामा जाउँ-जाउँ लाग्ने हुन सक्छ । तिनीहरुको सहभागिता बढाउन जि.शि.का., गा.वि.स., न.पा.ले व्यापक प्रचार प्रसार गर्ने ।

शैक्षिक संस्थाभित्र भइरहेका कार्यहरुको नियमित अवलोकन, अनुगमन र सुपरीवेक्षण गरी त्यसको अभिलेख राख्ने तथा सरोकारवालासँग अन्तरक्रिया गरी सुधारका लागि प्रयत्नशील रहनु पर्दछ ।

सीमित क्षेत्रमा गरिएको प्रस्तुत शिर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बद्ध निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

# विषयसूची


| | |
|---|---|
| **अध्याय – एक** | **1** |
| १.१ पृष्ठभूमि | 1 |
| १.२ समस्याको कथन | 4 |
| १.३ अध्ययनको उद्देश्य | 5 |
| १.४ अध्ययनको औचित्य | 6 |
| १.५ अध्ययनका सिमाहरु | 6 |
| **अध्याय दुई** | **7** |
| २.१ सैद्धान्तिक ढाँचा | 7 |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | 7 |
| **अध्याय– तीन** | 12 |
| ३. अध्ययन विधि | 12 |
| ३.१ तथ्याङ्कका श्रोतहरु | 12 |
| ३.२ अध्ययन अनुसन्धान ढाँचा | 12 |
| ३.३ जनसंख्या र नमूना छनौट | 12 |
| ३.४ तथ्याङ्क संकलन उपकरण | 14 |
| ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया | 14 |
| **सन्दर्भसामग्री** | |
| **परिशिष्टहरु** | i-xiii |
| **परिशिष्ट १** | i |
| **परिशिष्ट २** | v |
| **परिशिष्ट ३** | viii |
| **परिशिष्ट ४** | x |
| **परिशिष्ट ५** | xii |
| **परिशिष्ट ६** | xiii |